"स्वच्छ, सुन्दर र समुन्नत शहर मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

मिति : २०८२/०८/०४

**तहबृद्धि/स्तरबृद्धि सम्बन्धी सूचना।**

मधेश प्रदेश सरकारबाट जारी भएको "मधेश प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१" को दफा २९ को उपदफा (१) र (२) बमोजिम तह बृद्धि/स्तरबृद्धि गर्नुपर्ने भएकोले सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्ता पूरा भएका, सोही ऐनको दफा ३२ को अवस्था नरहेका साथै सोही ऐनको अन्य दफाबाट अयोग्य नभएका स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा प्रमाणित कागजात सहति निवेदन पेश गर्नु हुन सम्बन्धित कर्मचारीहरुको जानकारीको लागि सोही ऐनको दफा २९(४) बमोजिम यो सूचना प्रकाशन गरिएको छ। योग्यता/मापदण्ड नपुगी दरखास्त पेश भएको पाइएमा कानून बमोजिम भै जाने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**आवश्यक कागजातहरु :**

१. निवेदन।

२. शुरु नियुक्ति पत्रको प्रतिलिपि।

३. न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि।

४. समायोजन भएको पत्रको प्रतिलिपि।

२०८२.०८.०४

.................................

प्रमुख प्रशासकीय अधिकृत